नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

**मितिः- २०७९।०५।०२**

## प्रेस विज्ञप्ती

**राजस्व अनुसन्धान कार्यालय पथलैयाबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत पाटन हेटौंडा ईजलासमा मिति २०७९।०४।३१ मा दायर गरिएको ।**

१. **अभियुक्तको विवरणः**

- जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सुनवल नगरपालिका वडा नं. ३ बस्ने धर्मराज हरिजन
- जिल्ला रुपन्देही लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. १२ बस्ने श्याम पशुपती ईन्टरप्राईजेज (नं. ६१८१२७६९०) बुटवल- १३ को प्रोपराईटर श्याम बहादुर यादव
- जिल्ला मकवानपुर थाहा न.पा. १ घर भई हाल बुटवल उपमहानगरपालिका ४ बस्ने रमेश गोपाली
- जिल्ला कपिलवस्तु मायादेवी गा.पा. वडा नं. ७ बस्ने श्री ईस्तीहाक अहमद मु.
- जिल्ला नवलपरासी सरावल गा.पा. ४ बस्ने ज्ञान बहादुर श्रेष्ठको श्रीमती बिनुमाया श्रेष्ठ
- जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका नगरपालिका वडा नं. ११ बुद्धनगर बस्ने को अनिल श्रेष्ठ

२. **कसूरको संक्षिप्त विवरणः** मिति २०७९/०२/२५ गते बिहान अं. ०९.०० बजेको समयमा जिल्ला चितवन भरतपुर महानगरपालिका, वडा नं. १ बालकुमारी चौक स्थितमा लु १ ख ९५४५ नम्बरको ट्रकमा सिमेन्ट लोड रहेको र उक्त सिमेन्ट माथि लुकाई छिपाई राखिएको विभिन्न किसिमका २३ पोका कपडाहरु लुकाई छिपाई ओसार पसार गरीरहेको अवस्थामा बरामद भएकोले भंसार महसुल तथा मुल्य अभिवृद्धि कर छली गरेको।

३. **कायम भएको बिगो र सजायको मागदावीः** प्रतिवादीहरु श्याम बहादुर यादव, रमेश गोपाली, अनिल श्रेष्ठ, ईस्तिहाक अहमद मु. र बिनुमाया श्रेष्ठले गरेको उपरोक्त कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ (क),(ख) र (झ) बमोजिमको राजस्व चुहावटको कसूर अपराध गरेको पुष्टी हुन आएकोले श्याम पशुपती ईन्टरप्राईजेजको विजक नं. ४६ मा उल्लेख गरेको रु. ८७,०८,७६९।- र लु १ ख ९५४५ नम्बरको ट्रकबाट बरामद भएको कपडाको बिगो रु २३,२४,७१७।- लाई राजस्व चुहावट ( अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा २(छ१) बमोजिम **गणना गरिएको** जम्मा **रु.१,१०,२४,०२९।- (अक्षेरेपी एक करोड दश लाख चौविस हजार उनानतीस रुपैयाँ मात्र)** बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ (पहिलो संसोधन) को दफा २३(१) बमोजिमको सजाय हुन तथा सोही ऐनको दफा २३(४) बमोजिम बुझाउनुपर्ने राजस्व रकमको ब्याज समेत असुल उपर हुन साथै प्रतिवादीहरुबाट रु ८७,०८,७६९।- बिगो बराबरको मालसामान बरामद नभई कागज मात्र बरामद भएको तर भंसार चोरी पैठारी गरी राजस्व चुहावट भएको भन्ने अनुसन्धानबाट पुष्टी भएकोले सोही ऐनको दफा २३(२) बमोजिम बिलबाट पुष्टी भएको बिगो रु. रु. ८७,०८,७६९।- प्रतिवादीहरुबाट असुल उपर हुन र अर्का प्रतिवादी लु १ ख ९५४५ नम्बरको ट्रक चालक धर्मराज हरिजनलाई चुहावट भएको बिगो रकम **रु.२३,२४,७१७।- (अक्षेरेपी तेईस लाख चौविस हजार सात सय सत्र रुपैयाँ मात्र)** कायम गरी राजस्व चुहावट ( अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा २३(१) बमोजिमको सजाय हुन तथा सोही ऐनको दफा २३(४) बमोजिम बुझाउनुपर्ने राजस्व रकमको ब्याज समेत प्रतिवादीबाट असुल उपर हुनको साथै बरामद भएको कपडा सोही ऐनको दफा ३३ बमोजिम जफत हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**